# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र सङ्काय
# ग्राजुयट स्कूल अफ एजुकेशन

## विद्यावारिधि सम्बन्धि जानकारी

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुयट स्कूल अफ एजुकेशन

### कार्यक्रमको ढाँचा तथा समयावधि

- विद्यावारिधिको अवधि न्यूनतम ४ सेमेस्टर र बढीमा ८ सेमेस्टरसम्मको हुनेछ ।
- विद्यावारिधि भर्नाको छनोट प्रक्रिया पुरा गरी कार्यक्रममा भर्ना भएको मितिदेखि नै विद्यावारिधिमा अस्थायी नाम दर्ता भएको मानिनेछ ।
- अस्थायी दर्ता भएको मितिले दुई वर्ष (चार सेमस्टर) पुरा भएपछि कुनै पनि समयमा विद्यावारिधि उपाधिका लागि शोधप्रबन्ध बुझाउन सकिनेछ । ४ वर्ष (८ सेमेस्टर) भित्र पनि शोधप्रबन्ध पेस गर्न नसकेको खण्डमा शोधनिर्देशकको सिफारिसमा एक वर्ष समय थप गर्न सकिनेछ । यदि थप समयावधि भित्र पनि शोधप्रबन्ध बुझाउन नसकेमा स्थायी नाम दर्ता रद्द गरिनेछ ।
- स्थायी नाम दर्ता रद्द भएको अवस्थामा शोधार्थीले फेरि नयाँ प्रक्रिया सुरू गरी नाम दर्ता गराउन सक्नेछन् ।

### शोधार्थीको उपस्थिति

- डीनको कार्यालय वा ग्राजुयटस्कुलले सञ्चालन गरेका पाठ्यांश कार्य तथा कार्यशाला गोष्ठीमा उपस्थितिको अभिलेख राखिनेछ । यस प्रकारको कार्यमा कम्तीमा ८० प्रतिशत हाजिरी हुनुपर्नेछ ।

### विद्यावारिधि (Ph. D.) मा भर्ना हुनका लागि योग्यता :

क) विद्यावारिधिमा भर्नाका लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले आवेदन दिन सक्नेछन् :

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा एम. फिल. उत्तीर्ण गरेका

वा

आ) कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षामा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

वा

इ) एम.एड. गरी अन्य कुनै पनि सङ्कायबाट एम.फिल. गरेको ।

वा

ई) कुनै पनि विषयमा स्नोतकोत्तर गरी अन्य सङ्कायबाट एम.फिल.गरेका, तर शिक्षाशास्त्र संकायमा कार्यरत शिक्षक ।

वा

उ) कुनै पनि अन्य सङ्कायबाट विद्यावारिधि गरेका ।

ख) भर्नाका लागि निवेदकले तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ । आवेदन फाराम डीन कार्यालयबाट उपलब्ध हुनेछ ।

ग) यस कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थीहरूले शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तीर्ण हुनु पर्नेछ ।

**विद्यावारिधि कार्यक्रम शुल्क विवरण**

(क) प्रवेश आवेदन शुल्क रु. १५००/-

(ख) कृति तथा प्रस्ताव मूल्याङ्कन तथा अन्तरवार्ता शुल्क रु. ५,०००/-

(ग) भर्ना शुल्क रु. १०,०००/-

(घ) सेमेष्टर शुल्क रु. ३०,०००/- (प्रति सेमेष्टर)

नोट:: प्रवेश आवेदन शुल्क रु. १५००/- र कृति तथा प्रस्ताव मूल्याङ्कन तथा अन्तरवार्ता शुल्क रु. ५,०००/- शिक्षाशास्त्र संकाय डीनको कार्यालयको नाममा नेपाल बैक लिमिटेड कीतिपुर शाखाको च.हि.नं ०४५००१०००९९०४३००००० १ मा जम्मा गरी सो को भौचर शि.शा.सं डीनको कार्यालयको लेखा शाखामा बुझाई सो को रसिद सहित प्रवेश आवेदन फाराम लिन र बुझाउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।